टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अन्नपूर्ण, भोजपुर

१ नं. प्रदेश, नेपाल

Website: www.tyamkemaiyummun.gov.np
Email: temkemunbhp@gmail.com

## प्राबिधिक कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७९/०५/३१)**

टेम्केमेयुङ गाउँपालिकाको करारमा कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७५ तथा टेम्केमेयुङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९/०५/०८ गतेको निर्णयानुसार यस गाउँपालिकामा देहायका सेवा, संख्या र योग्यता भएका स्वास्थ्य प्राविधिक, कृषि सेवा प्राविधिक र सुरक्षित आप्रवासन परियोजना (Safer Migration Program) को समेत जनशक्ति करार सेवामा लिनु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले २५ दिन भित्र दिनको २ बजे सम्म राजश्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएकोछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कार्यवाही हुने छैन ।

**तपशील**

| क्र.सं. | बिज्ञापन नम्बर | पद | तह | सेवा | संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १/२०७९/८० | हे.अ. | सहायकस्तर पाचौ | स्वास्थ्य | ३ | ७००।– |
| २ | २/ २०७९/८० | अ.हे.व. | सहायकस्तर चौथो | स्वास्थ्य | २ | ५००।– |
| ३ | ३/ २०७९/८० | अ.न.मी. | सहायकस्तर चौथो | स्वास्थ्य | ३ | ५००।– |
| ४ | ४/ २०७९/८० | कृषि स्नातक प्राविधिक | अधिकृतस्तर छैठौं | कृषि | १ | १००० |
| ५ | ५/ २०७९/८० | रिर्टनी स्वंसेवक | - | - | १ | ३०० |

१.**न्यूनतम शैक्षिकयाग्यता**

**क) हे.अ.र अ.हे.व.को हकमा:** मान्यता प्राप्त शैक्षिक संस्थाबाट हे.अ. र अ.हे.व कोर्ष उतीर्ण गरि नेपाल स्वास्थ्य ब्यबसायी परिषदमा दर्ता भएको हुनु पर्ने छ ।

ख) **अ.न.मी.को हकमा:** मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.न.मी.कोर्ष उतीर्ण गरि नेपाल नर्सिङ ब्याबसायी परिषदमा दर्ता भएको हुनु पर्ने छ ।

**ग) कृषि स्नातक प्राविधिकः** मान्यताप्राप्त शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक तह उतिर्ण भएको हुनु पर्ने छ ।

**घ) रिटर्नी स्वंसेवकको हकमाः** न्यूनतम कक्षा १० पास गरी बैदेशिक रोजगार (खाडी मुलुक र मेलेसिया) मा गई कम्तीमा १ वर्ष वा सो भन्दा माथि काम गरेको अनुभव भएको, सुरक्षित बैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र सामाजिक कार्यमा रुचि भएको स्पष्ट संचार क्षमता भएको लाई प्राथमिकता दिईनेछ ।

२. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरु :** उम्मेदवारको ब्यक्तिगत बिवरण, शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रतिलीपि, पासपोर्ट साईजको २ प्रति फोटो तथा प्रचलित नेपाल कानून बमोजिम बिभिन्न काउन्सिल वा परिषद वा अन्यमा दर्ता भएको प्रतिलिपि र बैंक भौचर संलग्न हुनु पर्ने छ । साथै बिदेशी बोर्डबाट उतिर्ण गरेको भए समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नु पर्ने छ ।

३.**उमेरः** १८ बर्ष पूरा भइ ३५ बर्ष ननाघेको हुनु पर्ने छ साथै महिलाको हकमा १८ बर्ष भइ ४० बर्ष ननाघेको हुनु पर्ने छ ।

४.टेम्केमैयुङ गाउँपालिका करारमा प्राबिधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम सर्ट लिस्टमा नाम छनौट भएका आवेदकहरुबाट लिखित र मौखिक परीक्षा लिईने छ । साथै रिटर्नी स्वंमसेवक वाहेक अन्य पदहरुको हकमा कम्प्यूटर सम्वन्धी आधारभूत ज्ञान भएको हुनु पर्नेछ ।

५.**दरखास्त दस्तुर बुझाउने :** टेम्केमैयुङ गाउँपालिकाको अन्नपूर्णमा रहेको माछापुच्छे बैंकमा रहेको खाता नं. **०८८००६७५७५०००३१** जम्मा गरि सक्कलै भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ ।

६.**दरखास्त फारम पाईने स्थानः–** गाउँपालिकाको कार्यालय वा www.tyamkemaiyummun.gov.np बाट download गर्न सकिने छ ।

७.**दरखास्त बुझाउने स्थानः–** कार्यालय समयमा गाउँ कार्यपालिकाको कार्यालयमा वा Email-temkemunbhp@gmail.com बाट समेत बुझाउन सकिनेछ ।

८.**करार सेवा अवधिः–**२०८० असार मसान्त सम्म, सो पश्चात गाउँ कार्यपालिकाको बोर्डको निर्णय बमोजिम हुने छ ।

**९.सेवा सुविधा–**नेपाल सरकारको नियमानुसार हुने छ । भने रिटर्नी स्वंसेवकको हकमा (सुरक्षित आप्रवासन परियोजना ) कार्यक्रमको नियमानुसार हुनेछ।

१०.अ.न.मी.को हकमा SBA तालिम लिएकालाई बिषेश प्राथमिकता दिईने छ ।

११ दरखास्त दिने अन्तिम मिति :- २०७९/०६/२४

१२. **परीक्षा मिति पछि प्रकाशित गरिने**छ ।

नोट– विस्तृत जानकारीको लागि Official website:www.tyamkemaiyummun.gov.np & facebook Page बाट समेत हेर्न सकिने छ । सम्पर्कको लागि स्वास्थ्य शाखा ९८५२०५२४३३, ९८४२९९१९०९, सूचना प्रबिधि शाखा ९८४३१५६३८०

प्रमुख प्रशासकीय अधिकृत